बेरुजु फस्यौंट अनुगमन समितिबाट

आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित कार्यहरुको

# वार्षिक प्रतिवेदन

कोशी प्रदेश सरकार

## बेरुजु फस्यौंट अनुगमन समिति

विराटनगर, नेपाल

२०८२

## बेरुजु फस्यौंट अनुगमन समितिमा हालका पदाधिकारीहरुको नामावली

(क) श्री राजेन्द्र कुमार पौडेल, प्रमुख सचिव, कोशी प्रदेश सरकार, विराटनगर - अध्यक्ष

(ख) श्री नारायण प्रसाद रिसाल, प्रदेश सचिव/शासकीय सुधार महाशाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) श्री कोशहरि निरौला, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) श्री राजकुमार राई, उपसचिव/वित तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) श्री दामोदर खत्री, प्रदेश लेखा नियन्त्रक - सदस्य सचिव

<u>विषयसूची</u>

१. बेरुजु फस्यौंट अनुगमन समितिको परिचय ----------------------------------------१
२. समितिको काम, कर्तव्य र अधिकार --------------------------------------------२
३. समितिको बैठक सम्बन्धी कार्यविधि --------------------------------------------३
४. समितिबाट भएका निर्णय र सोको कार्यान्वयन अवस्था ------------------------------३
५. बेरुजु फस्यौंट सम्बन्धी कानूनी प्रावधान------------------------------------------९
६. कोशी प्रदेशको बेरुजुको विवरण र फस्यौंटको अवस्था------------------------------ १०
७. बेरुजु न्यूनीकरण तथा फस्यौंटका लागि भएका प्रयासहरु--------------------------- १४
८. कोशी प्रदेश सभा, सार्वजनिक लेखा समितिले समन्वय गरिदिनु पर्ने विषयः- ------------- १८
९. समस्या तथा चुनौतीहरु ------------------------------------------------- १८
१०. आगामी दिनमा गर्नुपर्ने कार्यहरु ----------------------------------------------१९
अनुसूची------------------------------------------------------------------२१

## १. बेरुजु फस्यौंट अनुगमन समितिको परिचय

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९३ मा बेरुजु फस्यौंट अनुगमन समितिको व्यवस्था रहेको छ। सो अनुसार कार्यालयले गरेको बेरुजु फस्यौंटको अनुगमन गरी बेरुजु फस्यौंट सम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको **बेरुजु फस्यौंट अनुगमन समिति** रहेको छः-

| | | |
|---|---|---|
| (क) | प्रमुख सचिव, प्रदेश सरकार | - अध्यक्ष |
| (ख) | प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (ग) | प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) | सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (ङ) | प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | - सदस्य सचिव |

बेरुजु फस्यौंट अनुगमन समितिको सचिवालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहने प्रावधान रहेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयमा वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुखलाई समितिको सदस्यमा तोकिएको छ, भने आर्थिक विश्लेषण शाखाले सचिवालयको रुपमा कार्य गरिरहेको छ।

संघमा मुख्य सचिवको अध्यक्षतामा बेरुजु फस्यौंट अनुगमन समितिको व्यवस्था भएजस्तै प्रदेशमा पनि प्रमुख सचिवको अध्यक्षतामा बेरुजु फस्यौंट अनुगमन समिति रहेको छ। साविकमा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १०२ बमोजिम गठन भएको बेरुजु फस्यौंट मूल्याङ्कन र अनुगमन समितिबाट २०७८ साल कात्तिक ८ गते पहिलो बैठक बसी बेरुजु फस्यौंट कार्ययोजना तर्जुमा गर्ने लगायतको निर्णय भएको छ। यस्तै उक्त समितिको दोस्रो बैठक २०७९ साल चैत्र १३ गते बसी २०७४/७५ अघिको बाँकी बेरुजु फस्यौंट गर्न संघीय विभाग/ मन्त्रालयसँग समन्वय गर्ने लगायतको निर्णय भएको छ।

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ लाई प्रतिस्थापन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ जारी भएपछि साविकको बेरुजु फस्यौंट मूल्याङ्कन र अनुगमन समिति हाल बेरुजु फस्यौंट अनुगमन समितिमा परिणत भएको हो।

बेरुजु फस्यौंट अनुगमन समितिको २०८० जेठ २ गते पहिलो बैठक बसेको थियो भने २०८० भदौ १९, माघ २२ र चैत्र ५ गरी चारवटा बैठक बसेको छ।

## २. समितिको काम, कर्तव्य र अधिकार

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९३ (२) अनुसार बेरुजु फस्यौंट अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) मन्त्रालय, अन्य निकाय, निर्देशनालय वा कार्यालयले गरेको बेरूजु फस्यौंट सम्बन्धी कामकारबाहीको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,

(ख) कायम भएको बेरूजु कम फस्यौंट गर्ने वा फस्यौंट नगर्ने मन्त्रालय, अन्य निकाय वा निर्देशनालयको प्रमुखलाई समितिमा उपस्थित गराई छलफल गर्ने,

(ग) कायम भएको बेरूजु फस्यौंट नगर्ने वा नगराउने कार्यालय प्रमुख र कर्मचारीलाई मूल्याङ्कनको आधारमा कारबाहीको लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने र यसरी दिइएको निर्देशन माथि कारबाही नगरेको पाइएमा लेखा उत्तरदायी अधिकृत उपर विभागीय कारबाहीको निमित्त प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) सम्बन्धित मन्त्रालय, अन्य निकाय वा निर्देशनालयलाई बेरूजु फस्यौंट गर्न आवश्यक निर्देशन दिने र बेरूजु फस्यौंट सम्बन्धी कारबाही सुरु गरे वा नगरेको वा असुल उपर गर्नु पर्ने भनी ठहऱ्याएको बेरूजु तोकिएको समयभित्र असुल उपर गरे वा नगरेको तथा प्रदेश तहसिल कार्यालयमा पठाए वा नपठाएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) बेरूजु फस्यौंट सम्बन्धी कामकारबाहीको सम्बन्धमा प्रत्येक तीन महिनामा सम्बन्धित मन्त्रालय वा अन्य निकाय वा निर्देशनालयबाट असुल उपर वा नियमित भएको र पेश्की बेरुजुको अङ्क समेत खुलाई प्रगति विवरण माग गरी अनुसूची-२१, अनुसूची-२३ र अनुसूची-२४ बमोजिमको ढाँचामा आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र **प्रदेश सभाको सार्वजनिक लेखा समितिमा** पेश गर्ने।

(च) साविक नेपाल सरकार अन्तरगतका कार्यालय प्रदेशमा हस्तान्तरण हुनु अघिको फस्यौंट गर्न बाँकी बेरुजुको लगत नेपाल सरकारको सम्बन्धित निकाय वा प्रदेशका निकायबाट विवरण एवम् कागजातहरु माग गरी सोको फस्यौंट गर्नका लागि आवश्यक समन्वय गर्ने गराउने।

(छ) समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ र समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्नसक्ने प्रावधान रहेको छ।

**बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को दफा १७** को उपदफा (४) अनुसार बेरुजु फस्यौंट समिति वा समितिको सचिवालयले प्रदेशका मन्त्रालय वा अन्य निकायले गरेको बेरुजु फस्यौंट कार्यको नियमित रुपमा अनुगमन गरी अनुसूची-८ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ। सो समितिले मन्त्रालय वा अन्य निकायबाट प्राप्त बेरुजुको लगत तथा अद्यावधिक विवरण समेत समावेश गरी अनुगमनको त्रैमासिक तथा वार्षिक प्रतिवेदन **प्रदेश सभा सार्वजनिक लेखा समिति समक्ष** पेश गर्नु पर्नेछ भन्ने प्रावधान रहेको छ।

## ३. समितिको बैठक सम्बन्धी कार्यविधि

मिति २०८०/५/१९ गते बसेको समितिको बैठकबाट **बेरुजु फस्यौंट अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि, २०८०** स्वीकृत भएको छ। बैठक सम्बन्धी कार्यविधि अनुसार समितिको बैठक महिनामा कम्तीमा एकपटक बस्ने प्रावधान रहेको छ। उक्त कार्यविधिमा बैठक सञ्चालनको विधि, छलफलका विषयसूची, बेरुजु फस्यौंट अनुगमन, सचिवालयको व्यवस्थापन लगायतको विषय उल्लेख रहेको छ। समितिको बैठक सम्बन्धी कार्यविधि अनुसूचीमा समावेश गरिएको छ।

## ४. समितिबाट भएका निर्णय र सोको कार्यान्वयन अवस्था

२०८१ श्रावण १३ गते, श्रावण ३० र फाल्गुन १२ गते गरी आ.व.२०८१/८२ मा बेरुजु फस्यौंट अनुगमन समितको तीनवटा बैठक बसेको छ। समितिको बैठकमा भएका निर्णयहरु र सोको कार्यान्वयनको अवस्था देहायअनुसार उल्लेख गरिएको छः-

### (क) मिति २०८१/०४/१३ गते बसेको बेरुजु फस्यौंट अनुगमन समितिको बैठकका निर्णयहरुः-

१. **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS)** बाट सबै मन्त्रालय तथा कार्यालयहरुको बेरुजुको एकीकृत विवरण प्राप्त गर्न सकिने र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरुजुको जवाफ तथा प्रतिक्रिया NAMS बाट प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पठाउने गरी प्रणालीमा व्यवस्था मिलाइदिन महालेखापरीक्षकको कार्यालयलाई पुनः अनुरोध गर्ने।

२. मन्त्रालय/कार्यालय गाभिंदा वा विभाजन तथा खारेज हुँदाको अन्यत्र सार्ने बेरुजुको लगत एवम् कागजात हस्तान्तरण, बेरुजु फस्यौंटको अवस्था, समस्या तथा चुनौतीहरु र बेरुजुको अद्यावधिक विवरण तयारी सहित उपस्थिति हुने गरी श्रावण महिनाको अन्तिम हप्तातिर मन्त्रालयका प्रदेश सचिवलाई समितिमा बोलाई छलफल गर्ने।

३. बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को दफा १७ (४) सँग सम्बन्धित अनुसूची -८ बमोजिम मन्त्रालय/निकायको अनुगमन गरी **२०८१ श्रावण २५** गतेभित्र समितिमा प्रतिवेदन पेश गर्न देहायको टोली खटाउने।

<u>टोली-१</u>

उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार शाखा
लेखा अधिकृत, प्रदेश लेखा नियन्त्रक कार्यालय, बेरुजु क्षेत्र हेर्ने
शाखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय, बेरुजु क्षेत्र हेर्ने
(**अनुगमन गर्ने मन्त्रालय/निकायहरुः-** आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ताको कार्यालय)

<u>टोली-२</u>

उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा
लेखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
शाखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय, बेरुजु क्षेत्र हेर्ने
(**अनुगमन गर्ने मन्त्रालय/निकायहरुः-** स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय)

<u>टोली-३</u>

प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर
लेखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय
शाखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार इकाई
(**अनुगमन गर्ने मन्त्रालय/निकायहरुः-** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र कोशी प्रदेश सभा सचिवालय)

४. महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ (कोशी प्रदेश) को बेरुजुमध्ये प्रचलित कानून विपरित र सरकारलाई हानी, नोक्सानी हुने गरी आर्थिक कारोबार गरेको, बजेट भन्दा बढीको दायित्व सृजना एवम् खर्च गरेको भनी औंल्याएका जस्ता गहन प्रकृतिका बेरुजुको सन्दर्भमा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीसँग छलफल गर्न/जवाफ माग गर्नका लागि सचिवालयले अध्ययन तथा टिपोट गरी आगामी बैठकमा पेश गर्ने।

५. बेरुजु फस्यौंट कार्यमा उत्कृष्ट नतिजा हासिल गर्ने कार्यालयलाई बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० बमोजिम पुरस्कार प्रदान गर्न सम्बन्धित मन्त्रालय/निकायले फस्यौंटको प्रगति विवरण र संलग्न कर्मचारीको नामावली सहित समितिमा सिफारिस गर्ने।

६. समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गरी सचिवालयले आगामी बैठकमा पेश गर्ने।

७. प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयहरुले सबै मन्त्रालय/कार्यालय/निकायको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम त्रैमासिक रुपमा गरी प्रतिवेदन दिने। मन्त्रालय/कार्यालय/निकायले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउने र प्राप्त प्रतिवेदन कार्यान्वयन एवम् समीक्षा गर्ने, गराउने।

८. आर्थिक मामिला तथा योजना मन्त्रालयले सबै मन्त्रालय/कार्यालयका सम्बन्धित कर्मचारीलाई बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी अभिमुखीकरण गराउने। प्रदेश मन्त्रालय/निकायको समन्वयमा अनलाईन (भर्चुअल) माध्यमबाट तथा स्थलगत रुपमा जिल्लास्थित कार्यालयहरुलाई समेत आर्थिक कार्यप्रणाली, आन्तरिक नियन्त्रण र बेरुजु फस्यौंट सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने।

९. महालेखापरीक्षकको कार्यालयबाट हरेक जिल्लामा खटिई आउने लेखापरीक्षण डोरमा सबै मन्त्रालय/ कार्यालयले बेरुजु फस्यौंट (असुल/नियमित/पे.फ.) गरेका प्रमाण, कागजात सम्परीक्षणका लागि अन्तिम लेखापरीक्षक समक्ष पत्र सहित अनिवार्य रुपमा पेश गर्ने। सो कार्य गराउन मन्त्रालयले मातहतका निर्देशनालय र कार्यालयलाई समेत पत्राचार गर्ने।

<u>**कार्यान्वयनको अवस्था:**</u>

- **निर्णय नं. १ को सन्दर्भमा** - NAMS मा आवश्यक व्यवस्था गरिदिने सम्बन्धमा महालेखापरीक्षकको कार्यालयमा अनुरोध गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.७१ मिति २०८१/०४/१५ गते पत्र पठाइएको छ।
- **निर्णय नं. २ को सन्दर्भमा** - आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १०६ मिति २०८१/०४/२९ गतेको पत्रबाट कोशी प्रदेशका सबै मन्त्रालय/आयोग/सचिवालयलाई मिति २०८१/०४/३० गते बेरुजु फस्यौंट सम्बन्धी छलफलमा सहभागी हुन पत्र पठाइएको र छलफल कार्यक्रम सम्पन्न भएको।

- **निर्णय नं. ३ को सन्दर्भमा** - आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ७३ मिति २०८१/०४/१५ गतेको पत्रबाट सबै टोली प्रमुखलाई बेरुजु फस्यौंट कार्यको अनुगमन गर्ने सम्बन्धमा पत्र पठाइएको।
- **निर्णय नं. ४ को सन्दर्भमा** - छलफल भएको।
- **निर्णय नं. ५ को सन्दर्भमा** - हालसम्म कोही पनि सिफारिस भएको छैन।
- **निर्णय नं. ६ को सन्दर्भमा** - वार्षिक प्रतिवेदन तयार भई आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १५० मिति २०८१/०५/१६ गतेको पत्रबाट वार्षिक प्रतिवेदन कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पठाइएको।
- **निर्णय नं. ७ र ९ को सन्दर्भमा** - आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६७ मिति २०८१/०४/१५ गतेको पत्रबाट कोशी प्रदेशका सबै मन्त्रालय/ आयोग/ सचिवालयलाई निर्णय कार्यान्वयनका लागि भनेर पत्र पठाइएको।
- **निर्णय नं. ८ को सन्दर्भमा** - आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ११२९ मिति २०८२/०१/१४ गतेको पत्रबाट कोशी प्रदेशका सबै मन्त्रालय/ आयोग/ सचिवालयलाई मिति २०८२/०१/१६ गते Zoom Meeting मार्फत बेरुजु फस्यौंट सम्बन्धी छलफलमा सहभागी हुन पत्र पठाइएको र छलफल कार्यक्रम सम्पन्न भएको।

**(ख) मिति २०८१/०४/३० गते बसेको बेरुजु फस्यौंट अनुगमन समितिको बैठकको निर्णयः-**

१. समितिको मिति २०८१/०४/१३ को निर्णयबाट खटिएका बेरुजु फस्यौंट अनुगमन टोलीले पेश गरेको प्रतिवेदनमा छलफल गरियो। अनुगमन टोलीको प्रतिवेदन अनुसार कार्यान्वयन तथा सुधार गर्नुपर्ने विषयहरु सबै मन्त्रालय/निकायले कार्यान्वयन गर्ने, गराउने।

२. मन्त्रालय/निकाय र मातहतका सबै कार्यालय, समिति/संस्था समेतको बेरुजुको एकीकृत र अद्यावधिक विवरण तयार गरी २०८१ भदौ १५ गते भित्र सबै मन्त्रालय/निकायले आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत समितिमा पेश गर्ने।

३. मन्त्रालय/निकाय र कार्यालयहरुले लगत तयार गरेको बेरुजुको विवरणमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन एवम् उक्त कार्यालयको लगतसँग भिडान तथा रुजु गर्ने, गराउने। सबै निकायको बेरुजुको लगत तथा फस्यौंटको अद्यावधिक विवरण बेरुजु पोर्टलमा प्रविष्ट गर्ने, गराउने।

४. सबै मन्त्रालय/निकायमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठक नियमित रुपमा बसी बेरुजु फस्यौंटको कार्यलाई प्राथमिकताका साथ अघि बढाउने। मन्त्रालयले

मातहत निर्देशनालय/कार्यालयलाई बेरुजु फस्यौंट कार्यमा सक्रिय बनाउने र नियमित अनुगमन गर्ने।

५. सबै निकायले आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवम् अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याएका बेरुजुको समयमै फस्यौंट गरी जवाफ तथा प्रतिक्रिया पठाउने।

६. समितिको आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन अन्तिम रुप दिई कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पेश गर्ने।

<u>कार्यान्वयनको अवस्थाः</u>

- **निर्णय नं. १ को सन्दर्भमा -** आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १२९ मिति २०८१/०५/०४ को पत्रबाट आवश्यक कार्यान्वयनको लागि पठाइएको सम्बन्धमा भनि कोशी प्रदेशका सबै मन्त्रालय/आयोग/सचिवालयलाई लेखि पठाएको।
- **निर्णय नं. २ को सन्दर्भमा -** विवरण प्राप्त भई पेश भइसकेको।
- **निर्णय नं. ३ को सन्दर्भमा -** प्रदेश लेखा नियन्त्रक कार्यालयको च.नं. २५२ मिति २०८१/०८/१० गतेको पत्रबाट बेरुजुको विवरण प्रविष्ट गर्ने सम्बन्धमा कोशी प्रदेशका सबै मन्त्रालय/आयोग/सचिवालयलाई पत्राचार भएको।
- **निर्णय नं. ४ को सन्दर्भमा -** नियमित भइरहेको जानकारी आएको।
- **निर्णय नं. ५ को सन्दर्भमा -** आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ३६१ मिति २०८१/०८/०२ को पत्रबाट आवश्यक कार्यान्वयनको लागि आन्तरिक लेखापरीक्षणको एकीकृत प्रतिवेदन पठाइएको भनि कोशी प्रदेशका सबै मन्त्रालय/आयोग/सचिवालयलाई लेखि पठाएको।
- **निर्णय नं. ६ को सन्दर्भमा -** वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १५० मिति २०८१/०५/१६ गतेको पत्रबाट वार्षिक प्रतिवेदन कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पठाइएको।

**(ग) मिति २०८१/११/१२ गते बसेको बेरुजु फस्यौंट अनुगमन समितिको बैठकको निर्णयहरुः-**

१. मिति २०८१ श्रावण १३ र ३० गतेको बैठकको निर्णय अनुसार कार्यान्वयन गर्न बाँकी रहेका देहायका विषय कार्यान्वयन गर्ने, गराउनेः-

✓ सबै निकायले आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवम् **अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा** औल्याएका बेरुजुको समयमै फस्यौंट गरी जवाफ तथा प्रतिक्रिया पठाउने।

- ✓ देहाय अनुसारको मन्त्रालय/कार्यालय खारेज हुँदाको बेरुजुको लगत अद्यावधिक गरी कागजात जिम्मा लिने सम्बन्धित मन्त्रालय/कार्यालयले फस्र्यौट गर्ने, गराउने।
  - ➢ उद्योग, श्रम तथा रोजगार मन्त्रालय, पर्यटन तथा संस्कृति मन्त्रालय,
  - ➢ उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
  - ➢ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
  - ➢ यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय र यातायात व्यवस्था निर्देशनालय,
  - ➢ प्रादेशिक विशेष सडक आयोजना कार्यालय, कोशी रिफ्रेशमेन्ट सेन्टर आयोजना कार्यालय, रेसम/वागवानी विकास कार्यालय आदि।
- ✓ मन्त्रालय/निकाय र कार्यालयहरुले लगत तयार गरेको बेरुजुको विवरणमा महालेखापरीक्षकको लगतसँग भिडान तथा रुजु गर्ने, गराउने। सबै निकायको बेरुजुको लगत तथा फस्र्यौटको अद्यावधिक विवरण बेरुजु पोर्टलमा प्रविष्ट गर्ने, गराउने।
- ✓ सबै मन्त्रालय/निकायमा **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति**को बैठक मासिक रुपमा बसी बेरुजु फस्र्यौटको कार्यलाई प्राथमिकताका साथ अघि बढाउने। मन्त्रालयले मातहत निर्देशनालय/कार्यालयलाई बेरुजु फस्र्यौट कार्यमा सक्रिय बनाउने र नियमित अनुगमन गर्ने।
- ✓ **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS)** बाट सबै मन्त्रालय तथा कार्यालयहरुको बेरुजुको एकीकृत विवरण प्राप्त गर्ने व्यवस्था मिलाइदिन महालेखापरीक्षकको कार्यालयलाई पुनः अनुरोध गर्ने।

२. सार्वजनिक लेखा समितिको **पाँचौं वार्षिक प्रतिवेदन, २०८१** अनुसार बेरुजुको लगतबाट हटाउनु पर्ने विषय कार्यान्वयन अवस्थाको अनुगमन गर्ने।

३. सबै मन्त्रालय/निकायबाट बेरुजु फस्र्यौटको अद्यावधिक विवरण माग गरी सार्वजनिक लेखा समितिमा पेश गरिने अर्धवार्षिक प्रतिवेदन तयार गर्ने।

४. आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसारको बेरुजु फस्र्यौट स्थितिको अभिलेख देखिने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विवरण तयार गर्ने।

५. सरकारी बाँकीको रुपमा बेरुजु असुल उपर गर्न मन्त्रालय/निकायबाट लगत प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले कानून बमोजिमको प्रक्रिया अघि बढाउने।

६. सबै मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख सहितको उपस्थितिमा २०८१ फाल्गुनको अन्तिम हप्तामा बेरुजु फस्यौंट सम्बन्धी छलफल तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

<u>कार्यान्वयनको अवस्थाः</u>

- **निर्णय नं. १ र २ को सन्दर्भमा -** आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८४९ मिति २०८१/११/१९ को पत्रबाट बुदा नं. १ र २ निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा भनि कोशी प्रदेशका सबै मन्त्रालय/आयोग/सचिवालयलाई पत्र पठाइएको। NAMS मा आवश्यक व्यवस्था गरिदिने सम्बन्धमा महालेखापरीक्षकको कार्यालयमा अनुरोध गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८५१ मिति २०८१/११/१९ गते पत्र पठाइएको छ।
- **निर्णय नं. ३ को सन्दर्भमा -** अर्ध वार्षिक प्रतिवेदन तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८९४ मिति २०८१/११/१९ गते कोशी प्रदेश सभा, सार्वजनिक लेखा समिति विराटनगरलाई पत्र पठाइएको।
- **निर्णय नं. ४ र ५ को सन्दर्भमा -** आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८५० मिति २०८१/११/१९ को पत्रबाट बुदा नं. ४ र ५ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा भनि प्रदेश लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाइएको।
- **निर्णय नं. ६ को सन्दर्भमा -** आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ११२९ मिति २०८२/०१/१४ गतेको पत्रबाट कोशी प्रदेशका सबै मन्त्रालय/ आयोग/ सचिवालयलाई मिति २०८२/०१/१६ गते Zoom Meeting मार्फत बेरुजु फस्यौंट सम्बन्धी छलफलमा सहभागी हुन पत्र पठाइएको र छलफल कार्यक्रम सम्पन्न भएको।

## ५. बेरुजु फस्यौंट सम्बन्धी कानूनी प्रावधान

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- लेखापरीक्षण ऐन, २०७५
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- कोशी प्रदेश आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८०
- बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० आदि।

**प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ अनुसार सजायः-**

- प्रचलित कानून बमोजिमको रित नपुऱ्याई कारोबार गरेकोमा सजाय - दफा ५९ (१) (घ)
- सरकारी हानी नोक्सानी गरेकोमा सजाय (दफा ४० को उपदफा (३))
- नगदी तथा जिन्सी हिनामिना वा मस्यौट गरेकोमा सजाय - दफा ५९ (१) (च)
- बेरुजु फस्यौंटको कार्य नगरेमा सजाय दफा ५३(३),र ५९ (१) (ज)
- सजाय नगर्ने अधिकारीलाई सजाय - दफा ५९ (१) (छ) आदि।

## ६. कोशी प्रदेशको बेरुजुको विवरण र फस्यौंटको अवस्था

### (क) महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अनुसार बेरुजुको विवरण

कोशी प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, समिति तथा अन्य संस्थाको आर्थिक वर्ष २०७४/७५ देखि २०८०/८१ सम्मको अन्तिम लेखापरीक्षणको बेरुजूमध्ये फछ्यौंट तथा सम्परीक्षण गरी रु.५ अर्ब ४० करोड ६ लाख बेरुजू कायम रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशका निकायको लेखापरीक्षण अङ्कको तुलनामा १.७ प्रतिशत बेरुजु रहेको महालेखापरीक्षकको (कोशी प्रदेशको) सातौं वार्षिक प्रतिवेदनमा उल्लेख रहेको छ।

**<u>तालिका-१ कोशी प्रदेशको अन्तिम लेखापरीक्षण बेरुजुको विवरण</u>** रकम रु.लाखमा

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| लेखा परीक्षण अङ्क | ६५६९ | ३४६६४९ | ४४५७०३ | ४४५९१८ | ४९०१९४ | ५२७८७१ | ५१४१६९ |
| **जम्मा बेरुजु रकम (क)** | **२२३** | **१६७३९** | **१२६५२** | **१६२८६** | **१६४६३** | **१३१७६** | **८६८२** |
| बेरुजु (प्रतिशतमा) | ३.४% | ४.८% | २.८% | ३.६% | ३.४% | २.५% | १.७% |
| पेस्की बाहेकको बेरुजु (प्रतिशतमा) | ३.३८ | २.२१ | २.६४ | ३.२५ | ३.१ | २.३५ | १.४९ |
| फस्यौंट/सम्परीक्षण | - | १.५ | ४४७० | ३३९५ | ४८६२ | ७००६ | १०४८० |
| फस्यौंट प्रतिशत | - | ०.७% | २६.४% | १३.५% | १२.८% | १४.१% | १८.८% |
| **गत आ.व. सम्मको बाँकी बेरुजु (ख)** | - | **२२१.५** | **१२४९१** | **२१७४७** | **३३१७१** | **४२६२८** | **४५३२४** |
| **कायम बेरुजु (क+ख)** | **२२३** | **१६९६१** | **२५१४३** | **३८०३३** | **४९६३४** | **५५८०४** | **५४००६** |

*स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन*

आर्थिक वर्ष २०७४/७५ देखि २०८०/८१ सम्म कोशी प्रदेशको ७ वटा आर्थिक वर्षको लेखापरीक्षणमा जम्मा रु.८ अर्ब ४२ करोड २१ लाख बेरुजु रहेकोमा रु.३ अर्ब २ करोड १५ लाख फस्यौंट तथा सम्परीक्षण भई रु.५ अर्ब ४० करोड ६ लाख बाँकी रहेको छ। यस अवधिमा असुल उपर गर्ने बेरुजु जम्मा रु.८८ करोड १२ लाख रहेको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ३.२२ प्रतिशतले घटेको छ।

**तालिका-२ बेरुजुको प्रकृति अनुसारको विवरण**

रकम रु.लाखमा

| आ.व. | असुल गर्ने | | नियमित गर्ने | | पेश्की बेरुजु | | जम्मा बेरुजु | फस्यौंट/ सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | | |
| २०७४/७५ | १ | ०.५% | २२१ | ९९.०% | १ | ०.५% | २२३ | |
| २०७५/७६ | ४५२ | २.७% | ७२४३ | ४३.३% | ९०४४ | ५४.०% | १६७३९ | २ |
| २०७६/७७ | ६५६ | ५.२% | ११०९९ | ८७.७% | ८९७ | ७.१% | १२६५२ | ४४७० |
| २०७७/७८ | १७४५ | १०.७% | १३०७४ | ८०.३% | १४६८ | ९.०% | १६२८६ | ३३९५ |
| २०७८/७९ | ३३८४ | २०.६% | ११८८१ | ७२.२% | ११९८ | ७.३% | १६४६३ | ४८६२ |
| २०७९/८० | १४७१ | ११.२% | १०९४० | ८३.०% | ७६५ | ५.८% | १३१७६ | ७००६ |
| २०८०/८१ | ११०४ | १२.७% | ६५४२ | ७५.३% | १०३७ | ११.९% | ८६८२ | १०४८० |
| कुल जम्मा | ८८१२ | ९.१% | ६१००० | ७७.३% | १४४०९ | १३.७% | ८४२२१ | ३०२१५ |

*स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन*

महालेखापरीक्षकले गत वर्षसम्म प्रदेश प्रमुख समक्ष ६ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा पाँचौ र छैटौं प्रतिवेदनका बेहोरा उपर प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भएको, तेस्रो र चौथो प्रतिवेदनका केही बेहोरामा छलफल सम्पन्न भएको जानकारी प्राप्त भएको छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्थाले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्द्धनमा टेवा पुग्ने भएकोले अन्य वार्षिक प्रतिवेदन समेत सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुङ्ग्याउनुपर्दछ भनी महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ मा उल्लेख रहेको छ।

प्रदेश सभाको सार्वजनिक लेखा समितिको पाँचौं वार्षिक प्रतिवेदन, २०८१ अनुसार प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, र मुख्य न्यायाधिवक्ताको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को

कार्यालय लगायत १७ निकायको तेस्रो, चौथोको आंशिक र पाँचौं प्रतिवेदनका बेहोरा उपर छलफल तथा निर्णय भएको देखिन्छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संघबाट प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानका लागि कार्यसम्पादन सूचकमा राखेका ११ वटा सूचक अन्तर्गत अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको अवस्थालाई अंकभार १५ दिई मूल्याङ्कनको सूचकको रुपमा समावेश गरेको छ।

आ.व.२०८२/८३ का लागि वित्तीय समानीकरण अनुदानको सिफारिस गर्न आयोगबाट भएको मूल्याङ्कनमा कोशी प्रदेशले बेरुजुको अवस्था सम्बन्धी सूचकमा शुन्य (०) अंक प्राप्त गरेको हुँदा बेरुजु न्यूनीकरणमा जोड दिनुपर्ने देखिएको छ।

**तालिका-३ कोशी प्रदेशको विगत ७ आर्थिक वर्षको बेरुजुको मन्त्रालयगत विवरण** (रु.लाखमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | गत आ.व.सम्मको सरकारी निकाय / समिति/संस्था | यो वर्ष रकमगत आधारमा भएको बेरुजु | जम्मा बेरुजु | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | २६३ | ९ | २७२ | |
| २. | प्रदेश लोक सेवा आयोग | २० | ५ | २५ | |
| ३. | मुख्यन्यायाधिवक्ताको कार्यालय | ११ | १ | १२ | |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४८४ | २३ | १५०७ | |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १०१ | ८ | १०९ | |
| ६. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ५६१८ | १०४ | ५७२१ | |
| ७. | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५९५१ | ७८५ | ६७३६ | |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २०९३ | ११७ | २२१० | |
| ९. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ७२३२ | २३३१ | ९५६३ | |
| १०. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४०८४१ | ३५६७ | ४४४०८ | |
| ११. | सामाजिक विकास मन्त्रालय | ८१४७ | ४४ | ८१९१ | |
| १२. | स्वास्थ्य मन्त्रालय | ३७५४ | ६५९ | ४४१३ | |
| १३. | प्रदेश योजना आयोग | २४ | २ | २६ | |
| कुल जम्मा | | ७५५४० | ७६५४ | ८३१९४ | |

*स्रोतः महालेखापरीक्षको वार्षिक प्रतिवेदन*

**तालिका-४ खारेज भएका मन्त्रालय अन्तर्गतको आ.व.२०७८/७९ को बेरुजु विवरण** रु.हजारमा

| क.सं. | मन्त्रालयको नाम | जम्मा बेरुजु | फस्यौंट | बाँकी बेरुजु | कैफियत |
|---|---|---|---|---|---|
| १. | पर्यटन तथा संस्कृति मन्त्रालय | ९८९८ | पर्यटन, वन तथा वातावरण मन्त्रालयको विवरणमा समावेश रहेको छ। | | |
| २. | उद्योग श्रम तथा रोजगार मन्त्रालय | ४५४२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालयको विवरणमा समावेश रहेको। | | |
| ३. | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | २२३ | | | |
| ४. | यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | ९१३७ | आन्तरिक मामिला तथा कानून मन्त्रालयको विवरणमा समावेश रहेको। | | |
| **जम्मा** | | **२३८००** | | | |

स्रोतः महालेखापरीक्षको पाँचौं वार्षिक प्रतिवेदन, २०८०, कोशी प्रदेश

### (ख) मन्त्रालय/निकायहरुबाट प्राप्त भए अनुसार बेरुजुको विवरण

प्रदेशका सबै मन्त्रालय/निकायबाट प्राप्त विवरण अनुसार प्रदेश स्थापना भएदेखि हालसम्म प्रदेशका मन्त्रालय/निकाय र मातहतका निर्देशनालय र कार्यालयहरुको हालसम्मको बेरुजु रु.१० अर्ब ३९ करोड ५ लाखको लगत तयार भएको देखिन्छ। यसमा सबै निकायको लगत अद्यावधिक भईसकको छैन। साथै महालेखापरीक्षकको कोशी प्रदेशको ७ वटा वार्षिक प्रतिवेदन अनुसार जम्मा बेरुजु रु. ८ अर्ब ३१ करोड ९४ लाख रहेकोमा मन्त्रालय/निकायबाट प्राप्त लगत अनुसार बेरुजु रकम बढी देखिएको छ।

<u>तालिका-५ कोशी प्रदेशका मन्त्रालयगत बेरुजुको हालसम्मको विवरण</u> रकम रु. लाखमा

| क.सं. | मन्त्रालय/निकायको नाम | जम्मा बेरुजु | फस्यौंट | बाँकी बेरुजु | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोशी प्रदेश सभा सचिवालय | २८५ | २३४ | ५१ | |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५११ | ९४४ | ५६७ | |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११३ | ३७ | ७५ | |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २२१० | ८५० | १३६१ | |
| ५. | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६२२० | ९३७ | ५२८३ | |
| ६. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ५३३७ | १५० | ५१८७ | |
| ७. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | १८३२६ | ५७०१ | १२६२५ | |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ६११०१ | ४२२२२ | १८८७९ | |
| ९. | सामाजिक विकास मन्त्रालय | ३०७२ | १७३६ | १३३५ | |
| १०. | स्वास्थ्य मन्त्रालय | ५६६८ | १०१६ | ४६५१ | |

| क्र.सं. | मन्त्रालय/निकायको नाम | जम्मा बेरुजु | फस्यौंट | बाँकी बेरुजु | कैफियत |
|---|---|---|---|---|---|
| ११. | प्रदेश लोक सेवा आयोग | २६ | १ | २४ | |
| १२. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १२ | ७ | ५ | |
| १३. | प्रदेश योजना आयोग | २६ | ९ | १७ | |
| **जम्मा** | | **१०३९०५** | **५३८४५** | **५००६१** | |

*स्रोतः प्रदेशका सम्बन्धित मन्त्रालय/निकायहरु*

पुनश्चः प्रदेशका मन्त्रालय/निकायबाट प्राप्त बेरुजुको विवरण अनुसार कतिपय प्रारम्भिक प्रतिवेदनबाट फस्यौंट भईसकेकोलाई पनि लगत कायम गरी अभिलेख राखेको हुँदा र सबै कार्यालयको अद्यावधिक भईनसकेकोले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको लगतसँग भिडान गरी विवरण अद्यावधिक गरिनेछ।

## ७. बेरुजु न्यूनीकरण तथा फस्यौंटका लागि भएका प्रयासहरु

### (क) नीति तथा कार्यक्रममा बेरुजु घटाउने नीति अवलम्बन

- आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता अभिवृद्धि र आवश्यक निर्देशिका तर्जुमा गरिनेछ। बेरुजू नहुने गरी कार्यसम्पादन गर्न तथा हाल कायम भएका बेरुजूहरू फस्यौंटको कार्यलाई तीव्रता दिन बेरुजू न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक अनुशासन कायम गरिनेछ। (आ.व.२०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं.२४)

### (ख) बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० तर्जुमा

- प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१२/०९ गतेको बैठकबाट बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ अनुसार यो कार्यविधि तर्जुमा गरिएको छ। प्रदेश सरकार अन्तर्गतका निकायको बेरुजु फस्यौंट तथा सरकारी बाँकी असुल उपरको विधि, प्रक्रिया निर्धारण गर्न, बेरुजु न्यूनीकरणका लागि प्रोत्साहन गर्न एवम् ऐनमा तोकिएको सजायको व्यवस्था कार्यान्वयन गर्न, बेरुजु फस्यौंटको अनुगमन गर्न र बेरुजु न्यूनीकरण तथा फस्यौंट कार्यलाई व्यवस्थित गरी आर्थिक अनुशासन कायम गर्ने यस कार्यविधिको उद्देश्य रहेको छ।

कार्यविधिमा बेरुजु फस्यौंटको कार्यलाई देहायअनुसार विभाजन गरिएको छः-

- आन्तरिक लेखा परीक्षणको बेरुजु फस्यौंट
- म.ले.प.को प्रारम्भिक प्रतिवेदन अनुसार फस्यौंट र जवाफ, प्रतिक्रिया
- अन्तिम लेखापरीक्षण प्रतिवेदनको बेरुजु फस्यौंट तथा सम्परीक्षण
- म.ले.प.को वार्षिक प्रतिवेदनको बेरुजुको जवाफ र फस्यौंट

**कार्यविधिमा भएका मुख्य प्रावधानहरुः-**

- बेरुजु हुन नदिन र आर्थिक कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरु
- बेरुजु फस्यौंट सम्बन्धी कानूनमा भएको व्यवस्था, भूमिका, जिम्मेवारी
- बेरुजुको लगत राख्ने, फस्यौंटको प्रक्रिया, अवलम्बन गर्नुपर्ने चरणहरुको तालिका र चार्ट
- बेरुजु फस्यौंट सम्बन्धी कार्य गर्न आवश्यक सम्पूर्ण कागजातको ढाँचा वा नमूना
- महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षण गर्न लेखी पठाउने ढाँचा र नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS)मा विवरण प्रविष्ट गर्ने तरिका
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजुको सम्बन्धमा प्रदेश सभा, सार्वजनिक लेखा समितिमा जवाफ, प्रतिक्रिया पठाउने ढाँचा
- बेरुजु न्यूनीकरण गर्न प्रोत्साहन तथा पुरस्कारको व्यवस्था
- बेरुजु फस्यौंटमा उत्कृष्ट नतिजा हासिल गर्नेलाई प्रोत्साहन तथा पुरस्कार दिइने
- बेरुजु हुने गरी कारोबार गर्नेलाई र कायम बेरुजु फस्यौंट नगर्नेलाई ऐन बमोजिम सजायको प्रावधान र जरिवाना तथा विभागीय कारबाही गर्ने कार्यविधि
- सरकारी बाँकी सरह असुल उपर गर्न लेखी पठाउने प्रक्रिया र कागजातको नमूना
- सरकारी बाँकी सरह असुल गर्ने कार्यविधि र कागजातको ढाँचा
- बेरुजु फस्यौंट कार्ययोजना र अनुगमनको ढाँचा
- पेश्की फस्यौंटको कार्यविधि र कागजातको नमूना वा ढाँचा आदि।

**पुनश्चः** बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को प्रदेश राजपत्र आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइटमा राखिएको छ। साथै सबै मन्त्रालय/निकाय र कार्यालयहरुमा कार्यविधि कार्यान्वयनको लागि च.नं.६१०, मिति २०८०/१२/२६ गते पत्र समेत पठाइएको छ।

## (ग) सचिव बैठकमा बेरुजु फस्यौंट सम्बन्धी निर्णयहरु

- बेरुजु फस्यौंट अनुगमन समितिको मिति २०८१/०४/३० गते प्रदेश सचिवहरुको उपस्थितिमा बसेको बैठकले गरेको निर्णयको कार्यान्वयलाई सबै निकायले उच्च प्राथमिकता दिने। (बैठक मिति २०८१/०५/०५ गते, निर्णय नं.६)
- प्रदेश अन्तर्गतका मन्त्रालय र निकायहरुले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९१ बमोजिम प्रदेश सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदन प्रदेश सभाको सचिवालयसँग समन्वय गरी प्राप्त गर्ने र प्रतिवेदन बमोजिम बेरुजुको लगतबाट हटाउन पर्ने विषय प्रतिवेदन प्राप्त भएको २० दिनभित्र महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने। (बैठक मिति २०८१/०६/०६ गते, निर्णय नं.२)
- मिति २०८१/०६/०६ गतेको सचिव बैठकले प्रदेश सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिमको बेरुजुको लगतबाट हटाउनु पर्ने विषय महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने भनी निर्णय गरेकोमा केही मन्त्रालय/निकायबाट हालसम्म पनि सो कार्य नभएको पाइएको हुदाँ तुरुन्त उक्त कार्य गर्ने साथै बेरुजु फछ्र्यौट गर्ने कार्यलाई सबैले उच्च प्राथमिकता दिने। (बैठक मिति २०८१/०७/०५ गते, निर्णय नं.६)
- बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० बमोजिम बेरुजु कम गराउने, कायम भएको बेरुजु फस्यौंट गर्ने गराउने लगायतका काममा प्राथमिकता दिने। (बैठक मिति २०८१/११/०५ गते, निर्णय नं.६)

## (घ) प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिबाट बेरुजु फस्यौंट सम्बन्धी निर्णयहरु

- प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिबाट समेत अनुगमन भइरहेको।

## (ङ) बेरुजु फस्यौंट सम्बन्धी अभिमुखीकरण

- मिति २०८२/०१/१६ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको सभाहलमा प्रदेश मन्त्रालय/निकायका सचिव र लेखाअधिकृतको उपस्थतिमा बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी अभिमुखीकरण कार्यक्रम अनलाईन (भर्चुअल) माध्यमबाट सञ्चालन गरिएको छ।

## (च) बेरुजु पोर्टल सञ्चालन

- समितिको मिति २०७९/१२/२० गतेको बैठकको निर्णय अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयमा बेरुजुको एकीकृत लगत तयार गर्ने विद्युतीय प्रणाली (सफ्टवेयर) को रुपमा **बेरुजु पोर्टल** (beruju.koshi.gov.np) निर्माण गरी आर्थिक

वर्ष २०८०/८१ देखि सञ्चालनमा ल्याइएको छ। बेरुजु पोर्टलमा आन्तरिक र अन्तिम लेखापरीक्षण दुवैको बेरुजुको लगत र फस्र्यौटको विवरण प्रविष्ट गर्नका लागि सबै कार्यालयहरुलाई ID/Password उपलब्ध गराइएको छ। बेरुजु पोर्टलमा हालसम्म अधिकांश कार्यालयले विवरण प्रविष्ट गरेको भएतापनि सबै कार्यालयको लगत अद्यावधिक भएको छैन।

**(छ) सार्वजनिक लेखा समितिमा बेरुजुको विवरण पठाइएको र छलफलमा सहभागिता**

- महालेखापरीक्षकले गत वर्षसम्म प्रदेश प्रमुख समक्ष ६ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा पाँचौ र छैटौं प्रतिवेदनका बेहोरा उपर प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भएको, तेस्रो र चौथो प्रतिवेदनका केही बेहोरामा छलफल सम्पन्न भएको भएको छ।
- प्रदेश सभाको सार्वजनिक लेखा समितिको पाँचौं वार्षिक प्रतिवेदन, २०८१ अनुसार प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, र मुख्य न्यायाधिवक्ताको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लगायत १७ निकायको तेस्रो, चौथोको आंशिक र पाँचौं प्रतिवेदनका बेहोरा उपर छलफल तथा निर्णय भएको देखिन्छ।

**(ज) महालेखापरीक्षकको कार्यालयसँग छलफल तथा अन्तरक्रिया**

- महालेखापरीक्षकको कार्यालयसँग दुई पटक बेरुजु फस्र्यौट सम्बन्धमा छलफल भएको।

**(झ) बेरुजुको विवरण माग/संकलन गरिएको**

- मन्त्रालय/निकाय र अन्तर्गतको बेरुजुको विवरण समेत उपलब्ध गराइदिन अनुरोध गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट च.नं. ५६ मिति २०८२/०४/१८ गतेको पत्रबाट विवरण माग गरिएको छ।

**(ञ) कर्मचारी समायोजन ग्रेड सम्बन्धी सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको सम्बन्धमाः-**

- कोशी प्रदेशमा समायोजन भई आएका पाँचौं, छैटौं, आठौं र दशौंतहका कर्मचारीहरुको समायोजन ग्रेड रकम भुक्तानी सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षणमा असुल उपर गर्नुपर्ने भनी बेरुजु कायम भएकोले प्रदेश लेखा नियन्त्रक कार्यालयले सो ग्रेड रकम भुक्तानी नगर्न नगराउन मिति २०७७/१२/२९ मा सबै निकायमा लेखी पठाएकोमा सो विरुद्धको मुद्दामा सर्वोच्च अदालतको उत्प्रेषण आदेशबाट अन्तिम निवेदन टुङ्गो नलागेसम्म उक्त परिपत्र कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश भएको छ। प्रदेशका निकायबाट समायोजन ग्रेड बापतको रकम भुक्तानी भईरहेको र महालेखापरीक्षकको

कार्यालयबाट प्रत्येक वर्षको लेखापरीक्षणमा बेरुजु पनि औंल्याइरहेको अवस्था छ। सर्वोच्च अदालतमा वि.सं.२०७७ देखि हालसम्म पटक पटक पेशी सरी उक्त मुद्दाको टुङ्गो लाग्न नसकेको ।

## ८. कोशी प्रदेश सभा, सार्वजनिक लेखा समितिले समन्वय गरिदिनु पर्ने विषयः-

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४२ अनुसार महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल गरी सुझाव सहितको प्रतिवेदन तयारी र प्रदेश सभामा पेश गर्ने कार्यलाई चाडैं अघि बढाउन उपयुक्त हुने।
- प्रदेशका मन्त्रालय/निकायसँग बेरुजुको विवरण माग गर्ने, बेरुजु फस्यौंटको विषयमा अनुगमन गर्ने र सम्बन्धित निकायलाई आवश्यक सुझाव तथा निर्देशन दिने कार्य समेत प्रदेश सभा सार्वजनिक लेखा समितिबाट नियमित भएमा बेरुजु फस्यौंटमा थप प्रगति हासिल गर्न सहयोग पुग्ने देखिन्छ।

## ९. समस्या तथा चुनौतीहरु

- बेरुजुको लगत संकलन र अद्यावधिक नभएको,
- महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनको विवरण र मन्त्रालय/कार्यालयबाट प्राप्त विवरणमा बेरुजुको लगत फरक परेको,
- मन्त्रालय/कार्यालय विभाजन हुँदा वा गाभिंदाको बेरुजुको लगत हस्तान्तरण, जिम्मेवारी सार्ने र फस्यौंटको कार्य हुन नसकेको। यसले गर्दा हाल कायम मन्त्रालय मातहतको वास्तविक बेरुजुको विवरण अद्यावधिक हुन कठिन भएको।
- कतिपय बेरुजु महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण तथा लगत कट्टा नभएको
- बेरुजु फस्यौंट गर्न कानूनमा केही अन्यौलता/अस्पष्टता रहेको (जस्तैः महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरुजुको सन्दर्भमा सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको कार्यालयले के, कसरी फस्यौंट/सम्परीक्षण गर्ने लगायतको विषय)
- वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजु सन्दर्भमा सार्वजनिक लेखा समितिमा छलफल भएतापनि टुङ्ग्याउन बाँकी रहेको।
- अदालतमा मुद्धा विचाराधीन रहेको विषयको बेरुजु फस्यौंटमा अन्यौलता रहेको,

- साविक कार्यालयको २०७४/७५ अघिको बाँकी बेरुजु फस्यौंट गर्न संघीय निकायसँग समन्वय प्रभावकारी नभएको,
- बेरुजु फस्यौंट सम्बन्धी कार्य गर्न सबै निकायको सक्रियता नदेखिएको,
- बेरुजु फस्यौंटको प्रभावकारी अनुगमनको अभाव रहेको,
- दण्ड र पुरस्कारको व्यवस्था कार्यान्वयन नभएको,
- बेरुजुको सम्बन्धमा आर्थिक कारोबारमा संलग्न साविकका सम्बन्धित जिम्मेवार पदाधिकारीलाई जवाफदेही र उत्तरदायी बनाउन नसकिएको,
- आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको आदि।
- बेरुजु फस्यौंट अनुगमन समितिको सचिवालय रहेको आर्थिक विश्लेषण शाखामा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नभएकोले शाखाको कर्मचारी सरुवा हुदाँ काम कारवाही प्रभावित हुने।

## १०. आगामी दिनमा गर्नुपर्ने कार्यहरु

- बेरुजुको विवरण त्रैमासिक रुपमा समिति समक्ष पेश गर्न र बेरुजु पोर्टलमा विवरण प्रविष्ट र अद्यावधिक गर्न, गराउन सबै मन्त्रालय/निकायलाई निर्देशन दिनुपर्ने।
- बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धमा जिल्लास्थित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखाका कर्मचारीलाई समेत अभिमुखीकरण गर्नुपर्ने।
- प्रचलित कानून र बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० अनुसार बेरुजु फस्यौंट सम्बन्धी कार्य भए, नभएको समितिबाट नियमित रुपमा अनुगमन गर्नुपर्ने।
- बढी बेरुजु भएका र कम फस्यौंट गर्ने मन्त्रालयका लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिलाई समितिमा बोलाई छलफल गर्नु पर्ने। बेरुजु फस्यौंट नगर्नेलाई कारबाहीको प्रक्रिया अघि बढाउन निर्देशन दिनुपर्ने।
- बेरुजु शुन्य भएका र बेरुजु फस्यौंटमा उत्कृष्ट नतिजा हासिल गर्ने कार्यालयलाई पुरस्कृत गर्नुपर्ने।
- आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने गरी छलफल तथा अन्तरक्रिया गर्नुपर्ने। साथै त्रैमासिक रुपमा सबै कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन, बेरुजु फस्यौंट तथा समीक्षा गर्ने, गराउने।
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३४ अनुसार आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने र **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति**को

बैठक कम्तीमा महिनाको एकपटक बसी मन्त्रालय/निकाय र मातहत कार्यालयको बेरुजु फर्स्यौट र अनुगमन सम्बन्धी कार्य नियमित रुपमा गरे नगरेको समितिबाट अनुगमन गर्नुपर्ने।

- महालेखा परीक्षकको (कोशी प्रदेशको) छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा औंल्याएका बेरुजुको जवाफ प्रतिक्रिया तयार गरी प्रदेश सभा, सार्वजनिक लेखा समितिमा सबै मन्त्रालय/निकायलाई पठाउन लगाउने र सोको अनुगमन गर्नुपर्ने।
- प्रदेश सरकार स्थापना हुनुभन्दा अघि आफ्नो कार्यालयको वा आफूले कागजात जिम्मा लिएका साविकका कार्यालयको आ.व. २०७४/७५ अघिको बाँकी बेरुजु फर्स्यौट गर्नका लागि संघीय विभाग/मन्त्रालयसँग समन्वय गर्नुपर्ने।
- नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट सबै मन्त्रालय तथा कार्यालयहरुको बेरुजुको लगत र फर्स्यौटको अद्यावधिक विवरण (एकीकृत रिपोर्ट) हेर्न मिल्ने गरी र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा लेखाउत्तरदायी अधिकृतले पेश गर्नुपर्ने जवाफ तथा प्रतिक्रिया विद्युतीय प्रणालीबाटै पठाउन मिल्ने व्यवस्था मिलाईदिन महालेखा परीक्षकको कार्यालयसँग पहल गर्नुपर्ने।
- NAMS मा बेरुजु फर्स्यौटको प्रमाण कागजात पेश गर्दा पनि महालेखापरीक्षकको कार्यालयबाट बेरुजुको सम्परीक्षण तथा लगत कट्टा नभएको गुनासो सम्बोधन गर्न सम्बन्धित निकायसँग छलफल तथा सहजीकरण गरिदिनुपर्ने।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवम् अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याएका बेरुजुको समयमै फर्स्यौट गर्न सकेमा बेरुजु न्यूनीकरण गर्न सहयोग पुग्ने।
- तीन वर्षसम्म प्रयास गर्दा पनि असुल हुन नसकेको बेरुजु सरकारी बाँकी सरह असुल गर्नका लागि प्रदेश तहसिल कार्यालयमा पठाउने व्यवस्था कानूनमा रहेको छ। प्रदेश तहसिल कार्यालय स्थापना नभएसम्म सो कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने हुँदा उक्त कार्यालयमा सरकारी बाँकी असुल सम्बन्धी कार्य गर्न शाखा स्थापना गर्न उपयुक्त हुने।

# अनुसूची

## बेरुजु पोर्टल (beruju.koshi.gov.np)




